

# १२ सुनाउनुपर्ने अमूल्य सन्देश

*__यस अध्यायका मूल पदहरू:__* २ पत्रुस १:१२, १६-२१, प्रकाश १९:११-१८, प्रकाश १४:१४-२०, उपदेशक १२:१३,१४ र प्रकाश १४:६-१२।

*__यस अध्यायको मूल सार पद:__* **"६ अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड़िरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो। ७ तिनले चर्को स्वरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।" (प्रकाश १४:६-७)।**

मानव जातिको निम्ति येशूको मृत्यु विश्वव्यापी थियो। त्यसको अर्थ यस संसारमा जहाँ वा जहिले जन्मेतापनि प्रत्येक मानव प्राणीले मुक्ति पाउन् भनेर उसको निम्ति येशू मर्नुभएको थियो। त्यसैकारण प्रत्येक भाषा, सस्कृति, जात, लिङ्ग र पृष्ठभूमिका मानिसहरूको निम्ति सुसमाचार सम्बोधन गरिएको छ। यसले जातजाति, वर्ण र वर्गले गर्दा विभाजित भएका मानिसहरूलाई जोड्दछ। येशूको जीवन, मृत्यु र पुनरुत्थानले शैतान वा नर्कका शक्ति र मतियारहरूलाई जितेको थियो भन्ने सन्देश अत्यन्तै अचम्म लाग्दो खुशीको खबर हो। सुसमाचारको सन्दैशको मूल विषयबस्तु नै येशू हुनुहुन्छ। उहाँ हाम्रो निम्ति मर्नुभयो र अहिले हाम्रो निम्ति उहाँ जिउनुहुन्छ। उहाँ एकफेरा पापको सजायँ र शक्तिबाट उद्धार गर्न आउनुभएको हो र अहिले उहाँ फेरि फर्कँदै हुनुहुन्छ ताकि पापको उपस्थितिबाट हामीलाई उद्धार गरियुन्। हाम्रो पापको निम्ति हामी मर्न योग्य भएको मृत्यु उहाँले बोक्नुभयो ताकि उहाँ

जिउन योग्यको जीवन हामी जियौं। येशू ख्रीष्टमा हामी निर्दोष भएका छौं, पवित्र भएका छौं र एक दिन महिमित हुनेछौं।

येशूको दुई आगमनको बारेमा धर्मशास्त्र बाइबल केन्द्रित छ। एक फेरा उहाँ हामीलाई मुक्ति दिन आउनुभयो र उहाँ फर्किनुहुनेछ ताकि उहाँको घरमा हामीलाई उहाँले लग्न सकियोस। उहाँले आफ्नो अमूल्य र अनन्तको मोलले हामीलाई किन्नुभएको छ। बाइबलको अन्तिम पुस्तक प्रकाशको पुस्तक विशेष गरेर उहाँको दोस्रो आगमनको निम्ति संसार तयार पार्न लेखिएको हो। यस पुस्ताको निम्ति यो अत्यन्तै नभैनहुने अत्यावश्यक सन्देश यस पुस्तकमा छ। वर्तमान एक्काइसौं शताब्धीका समाजको निम्ति प्रकाशको पुस्तकमा दिइएको महत्त्वपूर्ण सन्देश यस अध्यायमा हामी अध्ययन गर्नेछौं। उहाँको अन्तिम दिनको चर्चले सुनाउनुपर्ने युगको अन्तिम सन्देशलाई सुनाउन येशूले गर्नुभएको आह्वान नयाँ तरिकाले पत्ता लगाउनेछौं।

## १. पत्रुसको वर्तमान समय सापेक्षित सत्यको सन्देश

जे कुरा हुन आउने हो सो जानकारी दिन र त्यसको निम्ति मानिसहरूलाई तयार पार्न परमेश्वरले नियमितरूपमा भविष्यवाणीको वचनद्वारा उहाँले बिशेष सन्देश पठाइरहनुभएको थियो भनेर मुक्तिको इतिहासभरि हामी पाउँछौं। मानिसलाई चेतावनी नदिइकन परमेश्वरले अचानकरूपमा आफ्नो काम गर्नुहुन्न (यस मामिलामा ठोकुवा दिएर परमेश्वर भन्नुहुन्छ "८ "हे बागी हो, यस कुरालाई सम्झ, र मनमा दृढ़ पार र हृदयमा राख। ९ अघि-अघिका पुराना कुराहरूलाई सम्झ। म परमेश्वर हुँ, र अरू कोही छैनँ। म परमेश्वर हुँ, मजस्तै अरू कोही छैन। १० आदिदेखि अन्तसम्मको, र प्राचीन समयदेखि हुन आउनेसम्मको जानकारी म दिन्छु। म भन्छुः मेरो अभिप्राय ठहर्नेछ, र मैले चाहेको सबै पूरा गर्नेछु।" (यशैया ४६:८-१०)। इन्साफ वा फैसला सुनाउनुभन्दा पहिले उहाँले आफ्ना जनहरूकहाँ अगमवक्ताहरूमार्फत उहाँको सन्देश सुनाउनुहुन्छ। उहाँको जनहरू भविष्यमा हुन आउने कुराको निम्ति तयार पार्नुहुन्छ ("निश्चय नै परमप्रभु परमेश्वरले आफ्ना दास, अगमवक्ताहरूलाई आफ्नो रहस्य प्रकट नगरीकन केही गर्नुहुन्न।" (आमोस ३:७)। विश्वव्यापी जलप्रलय हुनुभन्दा अघि उहाँले नोहा पठाउनुभएर मानिसहरूलाई जलप्रलय हुने सन्देश दिन लगाउनुभएको थियो। सात वर्षसम्म

अनिकाल हुनेछ भनेर चेतावनी दिन र त्यसको निम्ति तयार हुन परमेश्वरले इजिप्टमा युशूफ पठाउनुभएको थियो। बेबिलोनका सैनिकहरूले यरुशलेम सहर नाश हुनेछ भनेर इस्राएलका अगुवाहरूलाई चेतावनी दिन परमेश्वरले यहूदी अगमवक्ताहरूलाई पठाउनुभएको थियो। येशूले मानव अवतार लिएर जनसमक्ष देखापर्नुहुँदा पहिले इस्राएली राष्ट्रलाई तयार पार्न परमेश्वरले बप्तिस्मा दिने यूहन्नालाई पठाउनुभएको थियो।

**आफ्नो पुस्ताको निम्ति परमेश्वरको सन्देश के थियो भनेर पत्रुसले २ पत्रुस १:११-१३मा व्यक्त गर्दछन्? हेर्नुहोस्, "११ हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनन्त राज्यभित्र तिमीहरूलाई भव्य स्वागतसाथ प्रवेश मिल्नेछ। १२ यसकारण यी कुराहरू तिमीहरूलाई म सधैं सम्झाउनेछु, यद्यपि तिमीहरू यी सब जान्दछौ, र तिमीहरूमा भएको सत्यतामा तिमीहरू स्थिर छौ। १३ जबसम्म म यस शरीरमा छु, तिमीहरूलाई सम्झना गराउँदै सचेत पार्नु म उचित ठान्छु।"**

**तत्कालिन समय सापेक्षित "वर्तमान सत्य" सन्देश के थियो जुन पत्रुस र चेलाहरूले घोषणा गरेका थिए? हेर्नुहोस् २ पत्रुस १:१६-२१ "१६ किनकि हामीले तिमीहरूलाई हाम्रा प्रभु येशू ख्रीष्टको महाशक्ति र आगमनको समाचार दिंदा धूर्ततासँग रचिएका दन्त्यकथाहरूको हामीले अनुसरण गरेनौं, तर उहाँको वैभव प्रत्यक्ष देख्ने हामी साक्षी हौं। १७ उहाँले परमेश्वर पिताबाट आदर र महिमा प्राप्त गर्नुभयो, जब त्यस तेजस्वी महिमाबाट एउटा वाणी निस्किआयो, "यिनी मेरा प्रिय पुत्र हुन्, जससँग म अति प्रसन्न छु।" १८ त्यस पवित्र डाँड़ामा हामी उहाँसँग हुँदा स्वर्गबाट आएको त्यो वाणी हामी आफैले सुनेका थियौं। १९ हामीसित भएका अगमवक्ताहरूको वचन अझ निश्चित भएको छ। झिसमिसे उज्यालो नहोउञ्जेल र तिमीहरूका हृदयमा बिहानको तारा नउदाउञ्जेल अन्धकारमा बलिरहेको दियोलाई झैं तिमीहरूले त्यस वचनलाई ध्यान दियौ भने असल गर्नेछौ। २० सर्वप्रथम तिमीहरूले यो बुझ्नुपर्दछ, कि पवित्रधर्मशास्त्रको कुनै अगमवाणी व्यक्तिगत व्याख्याको विषय होइन। २१ किनकि मानिसको इच्छाबाट कुनै अगमवाणी आएन, तर पवित्र आत्माबाट प्रेरणा पाएर मानिसहरूले परमेश्वरको तर्फबाट बोलेका हुन्।"**

प्रथम शताब्दीमा सुनाइएको अनन्त जीवनको महत्त्वपूर्ण सन्देश त यो थियो कि येशू ख्रीष्ट आउनुभयो। क्रुसमा येशूको बलिदानद्वारा मानिसहरूमा परमेश्वरको प्रेम प्रकट भएको थियो। "पापको ज्याला मृत्यु" भएतापनि येशू

ख्रीष्टद्वारा सबैको निम्ति मुक्ति सुरक्षित भएको सन्देश प्रथम शताब्दीका चेलाहरूले सुनाएका थिए। तर त्यो सन्देशलाई ग्रहण गर्ने र नगर्ने आत्मनिर्णयको अधिकार हामीलाई नै सुम्पिएको छ ("सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्।" रोमी ३:२३, "पापको ज्याला मृत्यु हो, तर परमेश्वरको सित्तैंको वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो।" रोमी ६:२३ र "४ परमेश्वर, जो कृपामा धनी हुनुहुन्छ, उहाँले आफ्नो महान् प्रेमद्वारा हामीलाई प्रेम गर्नुभयो, ५ यसकारण पापमा हामी मरेका भए तापनि उहाँले हामीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो– अनुग्रहबाट नै तिमीहरूले उद्धार पाएका छौ। ६ र उहाँसँग हामीलाई उठाउनुभयो, अनि स्वर्गीय स्थानहरूमा ख्रीष्ट येशूसँग बसाल्नुभयो। ७ योचाहिँ ख्रीष्ट येशूमा हामीप्रति उहाँको दयामा आफ्नो अनुग्रहको असीम सम्पत्ति आउँदा युगहरूमा देखाउनलाई हो। ८ किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ– र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो– ९ कर्महरूद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ। १० किनकि हामी असल कामहरूका निम्ति ख्रीष्ट येशूमा सृजना गरिएका उहाँका हातका सीप हौं। हामी तीबमोजिम हिंड़ौं भन्ने हेतुले परमेश्वरले पहिलेबाटै ती तयार गर्नुभएको थियो।" (एफिसी २:४-१०)। येशूमा पाइने यो मुक्तिको सन्देश कहिल्यै पनि पुरानो वा मिति नाघेको हुँदैन। प्रत्येक पुस्ताको निम्ति यो समयसापेक्षित सत्य भइरहनेछ।

मानव जगतलाई उहाँको सिघ्र आगमनको निम्ति तयार पार्न बाइबलको अन्तिम पुस्तक प्रकाशको पुस्तक दिइएको छ। यसमा येशू र उहाँको अनन्त मुक्तिको सन्देश युगको अन्तिम समयको सन्दर्भमा प्रस्तुत गरिएको छ। मानिसहरूको मिथ्या वा गलत परम्परा, आफ्नो भाऊ खोज्ने वा आफूलाई केन्द्रिभुत गर्ने मानव आविश्कार धर्म र दर्शनहरू कतिको बेकार रहेछ भनेर प्रकाशको पुस्तकले भन्डाफोर गर्दछ। प्रकाशको पुस्तकको सुरुदेखि अन्तसम्म येशू र मानव जगतको निम्ति उहाँले गर्नुभएको कामलाई प्रकट गराइएको छ।

परमेश्वर कस्तो हुनुहुन्छ र उहाँको पिताको स्वभाव कस्तो छ भन्ने सही साक्षी येशू नै हुनुहुन्छ। उहाँ "यस संसारका शासकहरूको स्वामी हुनुहुन्छ।" उहाँले नै "हामीलाई प्रेम गर्नुभयो र उहाँको आफ्नै रगतले हाम्रा

पापहरू धुनुभयो र उहाँको परमेश्वर र पिताको निम्ति हामीलाई राजा र पूजारीहरू बनाउनुभयो" (प्रकाश १:१-६ "१ येशू ख्रीष्टको प्रकाश, जो परमेश्वरले चाँड़ै हुन आउने कुराहरू आफ्ना सेवकहरूलाई देखाउन उहाँलाई दिनुभयो। उहाँले आफ्नो दूत पठाउनुभएर यो कुरा आफ्नो सेवक यूहन्नालाई प्रकट गरिदिनुभयो। २ यूहन्नाले देखेका सबै कुराहरूको, अर्थात् परमेश्वरको वचन र येशू ख्रीष्टको साक्षीको गवाही दिए। ३ त्यो धन्य हो, जसले अगमवाणीका यी वचनहरू उच्च स्वरले पाठ गर्दछ, र धन्य हुन् तिनीहरू, जसले सुन्दछन् र त्यहाँ लेखिएका कुरा पालन गर्दछन्, किनकि समय नजिक छ। ४ यूहन्नाबाट एशियामा भएका सात वटा मण्डलीहरूलाईः उहाँबाट तिमीहरूलाई अनुग्रह र शान्ति, जो हुनुहुन्छ, जो हुनुहुन्थ्यो, जो आउनुहुनेछ, र उहाँको सिंहासन अगि रहनुहुने सात आत्माबाट, ५ विश्वासयोग्य साक्षी येशू ख्रीष्टदेखि, मृतकबाट प्रथम जीवित हुनुभएको, तथा पृथ्वीका राजाहरूका शासकको तर्फबाट। हामीलाई प्रेम गर्नुहुने र आफ्नो रगतले हामीलाई हाम्रा पापबाट स्वतन्त्र पार्नुहुनेलाई, ६ हामीलाई एउटा राज्य, उहाँका पिता र परमेश्वरका पूजाहारीहरू तुल्याउनुहुने, उहाँलाई महिमा र पराक्रम सदासर्वदा होस्। आमेन।")। उहाँका जनहरू उहाँको छिट्टै आगमनको निम्ति तयार पार्न युगको अन्तमा दिइएको उहाँको सन्देशले भरिएको प्रकाशको पुस्तक हो। यो पुस्तक येशूकै बारेमा भरिएको छ।

**जब प्रकाशको पुस्तकको बारेमा तपाईंले सोच्नुहुन्छ तब पहिलो कुरा तपाईंको दिमागमा के आउँछ? के तपाईंको विचार पशु र अगमवाणीका प्रतिकहरूप्रति बढि ध्यान दिनुभएको छ कि येशूप्रति? प्रकाशको पुस्तकमा येशूले किन भविष्यवाणीहरू दिनुभयो होला? मानव जगतको निम्ति उहाँको प्रेमिलो योजनाहरू ती भविष्यवाणीहरूले कसरी प्रकट गर्दछन्?**

## २. युगको अन्तमा केन्द्रित प्रकाशको पुस्तक

सुसमाचारका पुस्तकहरूमा लेखिएका सन्देशहरूमा प्रायजसो येशूको पहिलो आगमनको बारेमा केन्द्रित गरिएको छ। येशूको जन्म, उहाँको जीवन र सेवाकार्य, र उहाँको मृत्यु र पुनरुत्थानका कथाहरू ती सुसमाचारका पुस्तकहरूले दिएका छन्। ती पुस्तकहरूमा केही हदसम्म येशूको दोस्रो आगमनको बारेमा उल्लेख गरिएतापनि तिनीहरूको मूख्य विषयबस्तु त्यो

होइन। तर प्रकाशको पुस्तकको मूख्य केन्द्रित विषयवस्तु भनेकै युगौं युगसम्म भइरहेको द्वन्द्वलाई निर्णायक बिन्दुमा पुगिने सन्देशको प्रस्तुति हो। त्यहाँ उल्लेख गरिएका प्रत्येक मूख्य भविष्यवाणीहरूलाई हाम्रो प्रभुको महिमित आगमनलाई देखाएर अन्त्य गरिएको छ।

**देहायका पदहरूमा एउटै साझा निश्कर्ष छ। त्यो के हो त? हेर्नुहोस्, प्रकाश १:७ "हेर, उहाँ बादलहरूसाथ आउँदैहुनुहुन्छ, र हरेक आँखाले उहाँलाई देख्नेछ। तिनीहरूले पनि, जसले उहाँलाई घोचे, र पृथ्वीका सबै कुलहरूले उहाँको कारण विलाप गर्नेछन्। यसै होस्। आमेन।", प्रकाश ११:१५ "अनि सातौं स्वर्गदूतले आफ्नो तुरही फुके, र त्यसपछि स्वर्गमा यसो भन्ने ठूला-ठूला आवाज गुञ्जिए, "संसारको राज्य हाम्रा प्रभुको र उहाँका ख्रीष्टको राज्य भएको छ, अनि उहाँले सदासर्वदा राज्य गर्नुहुनेछ।", प्रकाश १४:१४-२० "१४ अनि मैले हेरें, र एउटा सेतो बादल र त्यसमाथि बस्नुभएको मानिसको पुत्रजस्तो एक जनालाई देखें, जसको शिरमा सुनको मुकुट थियो र हातमा एउटा धारिलो हँसिया थियो। १५ अर्को एउटा स्वर्गदूत मन्दिरबाट बाहिर आए, र बादलमाथि बस्नुहुनेलाई चर्को सोरले भने, "तपाईंको हँसिया लिनुहोस्, र कटनी गर्नुहोस्, किनकि कटनीको समय आएको छ, किनभने पृथ्वीको बाली पूरै पाकिसकेको छ।" १६ यसरी बादलमाथि बस्नुहुनेले आफ्नो हँसिया पृथ्वीमाथि चलाउनुभयो, अनि पृथ्वीको कटनी भयो। १७ अनि स्वर्गमा भएको मन्दिरबाट एउटा अर्को स्वर्गदूत बाहिर आए। तिनीसँग पनि एउटा धारिलो हँसिया थियो। १८ तब वेदीबाट अर्को स्वर्गदूत आए, जसको आगोमाथि शक्ति थियो। धारिलो हँसिया लिनेलाई चर्को सोरले तिनले भने, "तिम्रो धारिलो हँसिया चलाऊ, र पृथ्वीका अंगूरका झुप्पाहरू जम्मा गर, किनकि पृथ्वीका अंगूर पूरै पाकिसकेका छन्।" १९ ती स्वर्गदूतले आफ्नो हँसिया पृथ्वीमा चलाए, र पृथ्वीका अंगूरको फसल जम्मा गरे, र त्यसलाई परमेश्वरका क्रोधको ठूलो दाख-कुण्डमा फालिदिए। २० सहर बाहिरको दाख-कुण्डमा ती अंगूर कुल्चिए, दाख-कुण्डबाट रगत निस्किबग्यो। त्यो रगत घोडाको लगामसम्म पुग्ने गरी गहिरो थियो, र तीन सय किलोमिटरसम्म फैलिएको थियो।" र प्रकाश १९:११-१८ "११ मैले स्वर्ग उघ्रेको देखें र त्यहाँ एउटा सेतो घोडा थियो। त्यसमाथि सवार हुनुहुने "विश्वासयोग्य" र "सत्य" कहलाइनुहुन्छ। धार्मिकतामा उहाँले इन्साफ र युद्ध गर्नुहुन्छ। १२ उहाँका आँखा आगोका ज्वालाजस्ता थिए, र उहाँका शिरमा धेरै**

**राजमुकुट थिए। उहाँमा एउटा नाउँ अङ्कित थियो, जो उहाँलाई बाहेक अरू कसैलाई थाहा थिएन। १३ उहाँले रगतमा चोबलिएको पोशाक पहिरनुभएको थियो, र उहाँको नाउँ "परमेश्वरको वचन" थियो। १४ स्वर्गका सेनाहरू सेता र स्वच्छ मलमलका वस्त्र पहिरिई सेता घोडाहरूमा चढ़ेर उहाँको पछिपछि लागे। १५ जातिजातिहरूलाई प्रहार गर्न उहाँको मुखबाट धारिलो तरवार निस्कन्छ, र उहाँले फलामको डन्डाले तिनीहरूमाथि शासन गर्नुहुनेछ। सर्वशक्तिमान् परमेश्वरका क्रोधको दाख-कुण्ड उहाँले कुल्चनुहुन्छ। १६ उहाँका पोशाक र तिघ्रामा "राजाहरूका राजा र प्रभुहरूका प्रभु" अङ्कित छ। १७ तब मैले एउटा स्वर्गदूत सूर्यमा उभिरहेका देखें। तिनले मध्य आकाशमा उड्ने सबै पक्षीहरूलाई चर्को सोरले यसो भने, "आओ, परमेश्वरको ठूलो भोजमा भेला होओ। १८ तिमीहरूले राजाहरू, कप्तानहरू, शक्तिशाली मानिसहरू र घोडाहरू र तीमाथि सवार हुनेहरू, फुक्का र कमारा-कमारीहरू, ठूला र साना सबैको मासु खानेछौ।"**

प्रकाशको पुस्तकको सुरुदेखि नै अन्तसम्ममा लेखिएको प्रत्येक भविष्यवाणीको निर्णायक बिन्दु नै येशूको आगमनको बारेमा थियो। "जो थुमा मारिनुभएको थियो" (प्रकाश ५:१२) अब राजाहरूका राजा र प्रभुहरूका प्रभु भएर आउनुहुनेछ (प्रकाश १९:१६)। जसले उहाँका जनहरूलाई आतङ्कित बनाए, दवाए, सताए ती शत्रुहरूलाई उहाँले परास्त्र गर्नुहुनेछ (प्रकाश १७:१४)। पापको ज्यादतीले गर्दा महान् कष्ट पाइरहेका उहाँ जनहरूलाई उहाँले उद्धार गर्नु हुनेछ र उहाँको घरमा वा राज्यमा राजकिय शानसको साथ स्वागत गर्नुहुनेछ। असल र खराबको बीचमा भइरहेको महान् संघर्ष वा द्वन्द्व अब सदाको निम्ति अन्त्य गर्नुहुनेछ। यस संसारलाई नयाँ बनाइनेछ र मुक्ति पाएकाहरू उहाँका प्रभुसँग सदासर्बदा रहनेछन् (प्रकाश २१:१-४)।

प्रकाश २२:७ (साथै प्रकाश २२:१२,१७ र २०)मा येशूले भन्नुहुन्छ "हेर, म छिट्टै आउँदैछु! जसले यस भविष्यवाणीको पुस्तकमा लेखिएको अनुसार पालन गर्छ त्यो धन्य हो" (रूपान्तरित)। यसकारण, सारा मानव जातिको निम्ति येशूको अन्तिम आह्वान यही हो कि उहाँको प्रेमलाई ग्रहण गर, उहाँको अनुग्रहलाई स्वीकार गर र उहाँको सत्यलाई पछ्याएर उहाँको छिट्टो आगमनको निम्ति तयार होऊ। प्रकाशको पुस्तक येशूको आमन्त्रणलाई

उल्लेख गरेर अन्त्य गर्दछ, "आत्मा र दुलही भन्छन् 'आउनुहोस्!' जसले सुन्दछ उसले 'आउनुहोस्' भनौस!'" (प्रकाश २२:१७ रूपान्तरित)।

सबै जना जसले अनन्त जीवनको खोजी गर्छ हाम्रो प्रभुले उहाँकहाँ आउन आह्वान गर्नुहुन्छ। अनि हामी जो जो उहाँको मुक्तिको सन्देशको आह्वानलाई ग्रहण गरेकाछौं र उहाँको आगमनको निम्ति उत्सुकतापूर्वक पर्खिरहेकाछौं हामीलाई पनि उहाँसँग मिलेर उहाँको प्रेम अरूलाई सुनाएर ग्रहण गराउन उहाँले आह्वान गर्नुहुन्छ। उहाँलाई विश्वास गर्छु भन्नेहरूलाई उहाँको छिट्टो आगमनको सन्देश सुनाएर संसारलाई तयार पार्न उहाँले पठाउनुहुन्छ। यस संसारमा उहाँको लक्ष्यमा उहाँसँग सहभागी हुनु जस्तो संतुष्टिदायककाम अरू कुनै पनि छैन। मुक्तिको योजनामा उहाँले तयार पार्नुभएको अन्तिम युगको सन्देश सुनाउन उहाँसँग सहकार्य गर्नु जस्तो उपलब्धीमूलक काम अरू के होला?

**यूहन्नाले दुई हजारवर्ष अघि येशू ख्रीष्ट छिट्टै आउनुहोस् भनि आग्रह गरेका थिए। मानिस मरेपछि के हुन्छ भन्ने हाम्रो बुझाइ अनुसार हाम्रै मृत्युपछि पनि उहाँको आगमन छिट्टो हुनुको अर्थ के हो? यसले गर्दा येशू ख्रीष्टको छिट्टो आगमनलाई कसरी बुझाउँछ?**

## ३. युगको अन्तको निम्ति प्रकाशको पुस्तकको सन्देश

प्रकाशको पुस्तकको मूल सार १४ अध्याय हो। मानव इतिहासमा बाँचिरहेका परमेश्वरका जनहरूको निम्ति **यो** अध्याय अत्यन्तै उल्लेखनियरूपमा ध्यान दिनुपर्ने अध्याय यो हो। यसले मानव जगतको निम्ति परमेश्वरको अन्तिम दिन वा युगको सन्देशलाई खुलाउँछ। परमेश्वरका जनहरू र सारा मानव जातिको निम्ति युगको अन्तको समयको सन्देश अत्यन्तै निर्णायक सन्देश हो।

**येशू ख्रीष्टको आगमनको निम्ति चित्रण गर्न के चिन्ह वा प्रतिक प्रकाश १४:१४-२०मा प्रयोग गरिएको छ? हेर्नुहोस्, "१४ अनि मैले हेरें, र एउटा सेतो बादल र त्यसमाथि बस्नुभएको मानिसको पुत्रजस्तो एक जनालाई देखें, जसको शिरमा सुनको मुकुट थियो र हातमा एउटा धारिलो हँसिया थियो। १५ अर्को एउटा स्वर्गदूत मन्दिरबाट बाहिर आए, र बादलमाथि बस्नुहुनेलाई चर्को सोरले भने, "तपाईंको हँसिया लिनुहोस्, र कटनी गर्नुहोस्, किनकि कटनीको समय**

**आएको छ, किनभने पृथ्वीको बाली पूरै पाकिसकेको छ।" १६ यसरी बादलमाथि बस्नुहुनेले आफ्नो हँसिया पृथ्वीमाथि चलाउनुभयो, अनि पृथ्वीको कटनी भयो। १७ अनि स्वर्गमा भएको मन्दिरबाट एउटा अर्को स्वर्गदूत बाहिर आए। तिनीसँग पनि एउटा धारिलो हँसिया थियो। १८ तब वेदीबाट अर्को स्वर्गदूत आए, जसको आगोमाथि शक्ति थियो। धारिलो हँसिया लिनेलाई चर्को सोरले तिनले भने, "तिम्रो धारिलो हँसिया चलाऊ, र पृथ्वीका अंगूरका झुप्पाहरू जम्मा गर, किनकि पृथ्वीका अंगूर पूरै पाकिसकेका छन्।" १९ ती स्वर्गदूतले आफ्नो हँसिया पृथ्वीमा चलाए, र पृथ्वीका अंगूरको फसल जम्मा गरे, र त्यसलाई परमेश्वरका क्रोधको ठूलो दाख-कुण्डमा फालिदिए। २० सहर बाहिरको दाख-कुण्डमा ती अंगूर कुल्चिए, दाख-कुण्डबाट रगत निस्किबग्यो। त्यो रगत घोडाको लगामसम्म पुग्ने गरी गहिरो थियो, र तीन सय किलोमिटरसम्म फैलिएको थियो।"**

येशू ख्रीष्टको पुन आगमनलाई व्याख्या गर्न बाइबलभरि कटनी र फसलको प्रतिक वा चिन्हलाई प्रयोग गरिएको छ (मत्ती १३:३७-४३, मर्कूस ४:२९)। पाकेको अन्नको फसलले धर्मीहरूको उद्धारलाई जनाउँछ भने धेरै पाकेको अङ्गुरको कटनीले दुष्टहरूको नाशलाई प्रकाश १४ले बुझाउँछ। प्रकाश १४:६-१२मा यस संसारको अन्तिम कटनीको समयको निम्ति पुरुष र स्त्रीलाई तयार पार्न अन्तिम दिनको सन्देश समावेश भएको छ।

**प्रकाश १४:६,७ पढ्नुहोस्। यी दुई पदहरूमा के मूल विषयबस्तु समेतेको सन्देश छ? यी पदहरूको परिवेशमा हामी सेभेन्थ-डे एडभेन्टिस्टहरूको पहिचान बुझाउन कसरी सहयोग गर्दछ? हेर्नुहोस् "६ अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड़िरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो। ७ तिनले चर्को स्वरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।"**

मानिसहरू जीवनको लक्ष्यको अर्थ खोजिरहने एक्काइसौं शताब्दीको पुस्तालाई प्रकाश १४मा उल्लेखित पहिलो स्वर्गदूतको सन्देशलाई ध्यान दिन आह्वान गर्दछ। यसले परमेश्वरको अनुग्रहको सुसमाचार प्रस्तुत गर्दछ जसले सबै मानिसहरूलाई क्षमा उपलब्ध गराइएको सन्देश छ। पापले गर्दा हामी

निराश र दोषी मनस्थिति भएका मानिसहरूलाई पापलाई धुने सन्देश यसमा छ भने परमेश्वरमा रहन चाहनेहरूलाई पापसँग जित्न शक्ति प्रदान गर्ने बाचा दिइएको छ। प्रत्येक मानिसको आत्मसम्मानको आधार यस सन्देशमा छ किनभने ख्रीष्टले हामीलाई सृष्टि गर्नुभयो र हामीलाई उद्धार गर्नुभयो। येशूले गर्दा नै हाम्रो जीवन अर्थमूलक र महत्त्वपूर्ण छ भनेर उपरोक्त सन्देशले देखाउँदछ। एक दिन परमेश्वरले गर्ने अन्तिम न्यायमा सबै खालका अन्याय, अत्याचार, आतङ्क, पीडा आदिको अन्त हुनेछ भनेर पहिलो स्वर्गदूतको सन्देशले ठोकुवा गर्दछ। यो अत्यन्तै विश्वासै गर्न नसकिने खुशीको खबर हो किनभने अधर्मी, पापी, अत्याचार, खराब र दुष्ट सधैं रहिरन्दैन भनेर यसले बताउँदछ।

**"विशेष गरेर भन्नुपर्दा यस संसारमा सेभेन्थ-डे एडभेन्टिस्टहरूलाई परमेश्वरको वचनको चिराख बोक्ने र पहरादारको रूपमा स्थापित गरिएको छ। पतन हुन लागेको संसारमा अन्तिम चेतावनीको सन्देश दिन तिनीहरूलाई जिम्मा लगाइदिएको छ। तिनीहरूमा परमेश्वरको वचनबाट अचम्मको चम्किने ज्योति चम्किरहेको हुन्छ। तिनीहरूलाई अत्यन्तै गम्भिर महत्त्वपूर्ण काम सुम्पिएको छ-पहिलो, दोस्रो र तेस्रो स्वर्गदूतका सन्देशहरूको घोषणा। यो भन्दा अर्को कुनै महत्त्वपूर्ण काम छैन। एडभेन्टिस्टहरूको ध्यान त्यसबाहेक अरू कुनै कुरामा लगाइरहनुहुन्न।"-एलेन जी ह्वाइट, इभान्जलिजम्, पृत्र ११९,१२०बाट रूपान्तरित।**

## ४. परमेश्वरको सन्देश अझै पूरै राम्रोसँग बुझ्नु

सारा मानव जगतको निम्ति येशूको मुक्ति दिने अनुग्रहको पुर्णतालाई प्रकाशको पुस्तकले प्रस्तुत गरेको अन्तिम दिनको सन्देशले देखाउँदछ (प्रकाश १४:६)। हामीले जे गरेतापनि परमेश्वरको भय वा उहाँलाई श्रद्धा दिन यस सन्देशले गम्भिर आह्वान गर्दछ। उहाँका आज्ञाहरूलाई आदर गर्न र उहाँले गर्नुहुने न्यायको परिप्रेक्षमा उहाँको व्यवस्थालाई पालन गर्न गम्भिर हुन त्यस सन्देश दिइएको थियो (प्रकाश १४:६)। "परमेश्वरको भय" मान्नु भनेको हामीले जे सोच्छौं त्यसले हाम्रो मनस्थिति परमेश्वरप्रति कस्तो छ सो देखाउनु हो। परमेश्वरलाई खुशी पार्न र हाम्रो सम्पूर्ण सोचबिचार र क्रियाकलापमा उहाँलाई प्राथमिता दिनु नै उहाँप्रति हाम्रो श्रद्धा रहेको देखाउँछ। परमेश्वरका वचन, नीति, आज्ञाहरूलाई पालन गरेर असल र धर्मी जीवन बिताउने

मनस्थितिमा पार्नु नै परमेश्वरको भय मान्नु हो (हितोपदेश ३:७, प्रेरित ९:३१, १ पत्रुस २:१७)। परमेश्वरलाई "महिमा देऊ" भनेर पनि यस सन्देशले हामीलाई आमन्त्रण गर्दछ। हाम्रो जीवनको प्रत्येक पक्षसँग परमेश्वरलाई कसरी सम्बन्ध राख्दै चल्छौं त्यसले परमेश्वरको महिमा गर्छ कि गर्दैन भनेर देखाउँदछ।

**परमेश्वरको भय मान्नु वा उहाँप्रति अगाढ श्रद्धा राख्नु र उहाँको महिमा गर्नु भनेको के हो भनेर देहायका पदहरूले कसरी सिकाउँदछ? हेर्नुहोस्, उपदेशक १२:१३,१४ "१३ अब सबै कुरा सुनिएका छन्– कुराको निष्कर्ष यही हो। परमेश्वरको भय राख र उहाँका आज्ञाहरू पालन गर। किनभने मानिसले गर्नुपर्ने सारा कर्तव्य यही नै हो। १४ किनकि हामीले गरेको हरेक काम, असल होस् वा खराब होस्, प्रत्येक गुप्त कुरासमेत सबैको न्याय परमेश्वरले गर्नुहुनेछ।" र १ कोरन्थी ६:१९,२० "१९ तिमीहरूको शरीर पवित्र आत्माको मन्दिर हो, जुन पवित्र आत्मा तिमीहरूले परमेश्वरबाट पाएका छौ, र उहाँ तिमीहरूभित्र वास गर्नुहुन्छ भन्ने के तिमीहरूलाई थाहा छैन? तिमीहरू स्वयम् आफ्नै होइनौ। २० तिमीहरू मोल तिरेर किनिएका हौ। यसकारण तिमीहरूका शरीरमा परमेश्वरको महिमा गर।"**

परमेश्वरको नीति वा आज्ञालाई मानेर नैतिक जिम्मेवारिबाट टाढा रहन रुचाउन करौडौं मानिसहरूले आफू कसैप्रति जिम्मेवार नभएको ठान्दछ तर यो न्यायको घडीको सन्देशले हामी जे गर्छौं त्यसको लेखाजोखा हामी दिनुपर्छ वा हाम्रो कामको जिम्मेवारी हामीले लिनुपर्छ भनेर देखाउँदछ। परमेश्वरप्रति श्रद्धालु हुने, उहाँको आज्ञा वा नीति मान्ने र न्यायको बीचमा हुने मनस्थितिको सम्बन्ध छ। जब हामी येशूले दिनुभएको मुक्तिलाई आत्मसात् गरेर उहाँसँग सम्बन्ध राखि छोड्छौं तब उहाँको आज्ञा पालन गर्नु वा उहाँको नितिमा हिंड्नु त्यसको फल हुनजान्छ। उहाँको धार्मिकताले मात्र परमेश्वरले गर्नुहुने न्यायको फैसलाबाट हामी पार हुनसक्छौं र उहाँकै धार्मिकतामा हामी सुरक्षित छौं। उहाँकै धार्मिकताको कारण हामी जे गरेतापनि उहाँको नाउँलाई महिमा दिने खालको जीवन बिताउँछौं।

**परमेश्वरको सत्य आराधनाको मूल आधार के हो र साबथको अवधारणाले त्यसलाई कसरी प्रतिबिम्ब गर्दछ? हेर्नुहोस् देहायका केही पदहरूः प्रकाश १४:७ "तिनले चर्को स्वरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई**

**महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।", प्रकाश ४:११ “हे हाम्रा प्रभु र परमेश्वर, तपाईं महिमा, आदर, र शक्ति ग्रहण गर्ने योग्यको हुनुहुन्छ, किनभने सबै कुरा तपाईंले नै सृष्टि गर्नुभएको हो, र तपाईंकै इच्छाबमोजिम ती अस्तित्वमा आए, र तिनको सृष्टि भयो।”, उत्पत्ति २:१-३ "१ यसरी आकाश र पृथ्वी र तिनमा भएका सबै कुरा बनाइसिद्धिए। २ आफूले गर्नुभएका काम छैटौं दिनमा परमेश्वरले सिद्ध्याउनुभयो। र सातौं दिनमा आफूले गर्नुभएका सबै कामबाट उहाँले विश्राम लिनुभयो। ३ अनि परमेश्वरले सातौं दिनलाई आशिष् दिनुभयो र त्यसलाई पवित्र तुल्याउनुभयो, किनभने आफूले सृष्टिमा गर्नुभएका सारा कामबाट यसै दिनमा उहाँले विश्राम लिनुभयो।" र प्रस्थान २०:८-११ "८ “शबाथ-दिन पवित्र मान्नुपर्छ भनी याद राख्नू। ९ छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नू, १० तर सातौंचाहिँ दिन परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति शबाथ-दिन हो। त्यसमा तिमीहरूले केही काम नगर्नू, न त आफ्नो छोराले, न छोरीले, न कमारा-कमारीले, न गाईबस्तुले, न मूल ढोकाभित्र भएको परदेशीले केही काम गरोस्। ११ किनकि छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोक बनाउनुभयो, तर सातौं दिनमा चाहिँ विश्राम गर्नुभयो। त्यसकारण परमप्रभुले शबाथदिनलाई आशिष् दिनुभयो, र त्यसलाई पवित्र गर्नुभयो।"**

शैतानले साबथमाथि आक्रमण गरेको छ किनकि उसलाई थाहा छ कि सृष्टिकर्ता परमेश्वरको आराधना गर्ने खास कारण साबथको गरिमाले हो। यसले येशू ख्रीष्ट सृष्टिकर्ता हुनुहुन्छ भनेर उहाँलाई उचाल्दछ र सारा पुरुष र स्त्रीहरू जहाँ भएतापनि स्वर्ग र पृथ्वी सृष्टि गर्नु हुनेलाई आराधना गर भनेर साबथले नै आह्वान गर्दछ (प्रकाश १४:७)। विकासवाद सिद्धान्त अर्थात् शुक्ष्म जीवदेखि पशु भएर मानिसमा विकास भयो भन्ने कठित वा अनुमानित विज्ञानको खिलाफमा साबथ बोल्दछ। हामीलाई सृष्टि गर्नुहुने र उहाँले गर्दा नै हाम्रो जीवनको सार्थक वा अर्थमूलक बन्न पुगेको येशूको आराधना गर्न साबथले नै आह्वान गर्दछ।

**सनातन सृष्टिकर्ता हाम्रो परमेश्वरमात्र हाम्रो आराधनाको योग्य छ भनेर प्रमाणित गर्ने र सम्झना गराउने साबथको गरिमा कतिको महत्त्वपूर्ण छ सो सोच्नुहोस्। परमेश्वर हाम्रो सृष्टिकर्ता हुनुहुन्छ भनेर हप्ताको एक दिन उहाँको**

आराधना गर्न उहाँले दिनुभएको सन्देशको अगाडि अरू शिक्षादीक्षाको सार्थकता के छ र? (वा उहाँ हाम्रो सृष्टिकर्ता हुनुहुन्छ भनेर हप्ताको एकदिन उहाँको आराधना गर्नचाहीँ नचाहने अरू अनेकौं धर्मदर्शन आदिहरूमा झुमेर बस्दा उहाँको महिमा वा आदर कतिको हुन्छ र?)।

## ५. परमेश्वरको अन्तिम अपिल वा आग्रह

देहायका पदहरूबाट आत्मिक वा अध्यात्मिक बेबिलोनको बारेमा हामी के सिक्छौं? हेर्नुहोस्, प्रकाश १४:८ "अनि एउटा अर्को स्वर्गदूत, अर्थात् दोस्राचाहिँ यसो भन्दै पछिपछि लागे, “पतन भयो! जाति-जातिलाई आफ्नो व्यभिचारका क्रोधको मद्य पिउन लाउने महान् बेबिलोनको पतन भयो।”, प्रकाश १७:१-६ "१ ती सात कचौरा लिने सात स्वर्गदूतहरूमध्ये एक जनाले मकहाँ आएर मलाई भने, “यता आऊ, म तिमीलाई धेरै पानीहरूमा बसेकी त्यस महा वेश्यालाई दिइएको इन्साफ देखाउनेछु। २ त्यससँग पृथ्वीका राजाहरूले व्यभिचार गरेका छन्, र पृथ्वीका बासिन्दाहरू त्यसका व्यभिचारको मद्यले मातेका छन्। ३ अनि तिनले मलाई आत्मामा बोकेर एउटा उजाड-स्थानभित्र लगे। त्यहाँ सात वटा शिर र दश वटा सीङ भएको ईश्वर-निन्दाका नाउँहरूले भरिपूर्ण भएको चहकिलो रातो रङ्गको पशुमाथि बसेकी एउटी स्त्रीलाई मैले देखें। ४ त्यस स्त्रीले बैजनी र चहकिलो रातो लुगा लाएकी थिई, अनि त्यो सुन, रत्न र मोतीहरूले सिङ्गारिएकी थिई, र घिनलाग्दा कुरा, अर्थात् त्यसका व्यभिचारका अशुद्ध कुराहरूले भरिएको एउटा सुनको प्याला हातमा लिएकी थिई। ५ त्यसको निधारमा एउटा नाउँ लेखिएको थियोः रहस्य पृथ्वीका वेश्याहरू र घिनलाग्दा कुराहरूकी आमा महान् बेबिलोन। ६ अनि मैले त्यस स्त्रीलाई सन्तहरूको रगत र येशूका शहीदहरूको रगत पिएर मातेकी देखें। त्यसलाई देखेर म साह्रै अचम्मित भएँ।" र प्रकाश १८:१-४ "१ यसपछि ठूलो अधिकार भएका अर्का एउटा स्वर्गदूत स्वर्गबाट तल आइरहेका मैले देखें। तिनको वैभवले पृथ्वी उज्यालो भयो। २ तिनले यसो भनेर शक्तिशाली सोरले कराएः “महानगरी बेबिलोनको पतन भयो, यो महानगरी भूतहरूको वासस्थान, हरेक अशुद्ध आत्मा, र हरेक अशुद्ध तथा घृणित पक्षीको अखड़ा भएको छ। ३ किनकि सबै जातिहरूले त्यसको अशुद्ध कामवासनाको मद्य पिएका छन्, र पृथ्वीका राजाहरूले त्यससँग व्यभिचार गरेका छन्, र पृथ्वीका व्यापारीहरू

**त्यसको विलासिताको प्रभावले धनी भएका छन्।" ४ तब मैले स्वर्गबाट यसो भनिरहेको अर्को आवाज सुनें: "हे मेरा मानिस हो, त्यसबाट निस्केर आओ, नत्रता त्यसका पापहरूसँग तिमीहरू पनि सहभागी हुनेछौ, र त्यसका विपत्तिहरू तिमीहरू भोग्नेछौ।"**

प्रकाशको पुस्तकमा उल्लेख गरएको "बेबिलोन" के को प्रतिक हो सो जान्नु जरुरी छ। बेबिलोन आफै आधुनिक इराकको नाउँ हो तर प्रकाशको पुस्तकमा बेबिलोन भन्ने शब्द कुनै भौगोलिक वा राष्ट्रिय क्षेत्र वा शक्तिलाई सम्बोधन गरिएको छैन। बेबिलोनको अर्थ ती असत्य धर्म वा दर्शनहरू हुन् जुन मानिसहरूका दर्शन वा प्रयासले आविश्कार गरेका वा उब्जाएका हुन्छन्, परमेश्वरको व्यवस्थालाई वेवास्ता गरेर मानिसहरूले नै बनाएका परम्परा, रितिथिति वा संस्कारहरू हुन् र मानिसहरूलाई पतनतिर लाग्ने झुटो शिक्षादीक्षाहरू हुन्। यस खालको बेबिलोनीय चरित्रले मानव जातिलाई नै महान् भनेर उचाल्दछ, आफूले नै निर्धारण गरेका धार्मिकता वा धर्मकर्मलाई प्राथमिकता दिन्छ तर सृष्टिकर्ता र मुक्तिदाता येशू र यस संसारमा उहाँको पापरहित जीवनभन्दा आफूलाई उच्च स्थानमा राख्दछ। यसले परमेश्वरका आदेश वा आज्ञाहरूलाई भन्दा मानव निर्मित धर्म र धर्मगुरुहरूका शिक्षादीक्षाका आदेशहरूलाई माथि राख्दछ। ई.पू. ६०० शताब्दीको बेबिलोन साम्राज्य वा सभ्यता मूर्ती नै मूर्तीहरूको देशको राजधानी थियो, त्यहाँ सूर्यलाई भगवान भनेर त्यसको पूजा गरिन्थ्यो। मानिस अमर छ वा कहिल्यै पनि मर्दैन भन्ने बाइबलसँग बाझिने गलत शिक्षा त्यस साम्राज्यका मानिसहरूमा लोकप्रिय थियो। पौराणिक बेबिलोनको धार्मिक रीतिथिति र आराधनामा ती गलत धार्मिक पद्वति मानिसहरूले चालै नपाइ घुसेको थियो। यस मर्न लागिरहेको संसारमा परमेश्वरको अन्तिम सन्देश छ त्यो हो येशूको सन्देश र उहाँको धार्मिकता। यसमा स्वर्गको प्रतिध्वनी घन्किएको छ "महान् बेबिलोनको पतन भयो, पतन भयो...मेरा जनहरू उनबाट निस्केर आऊ" (प्रकाश १८:२,४)। येशू ख्रीष्टको सन्देशलाई पूर्णता दिएर प्रचार गर्न र उचाल्न परमेश्वरले सेभेन्थ-डे एडभेन्टिस्ट चर्चलाई ठडयाउनुभएको छ। येशूलाई माथि राख्नु भनेकै उहाँले सिकाउनुभएका प्रत्येक शिक्षादीक्षालाई उच्च स्तरमा उचाल्नु हो। "बाटो, सत्य, र जीवन मै हुँ" (यूहन्ना १४:६) भन्ने येशूको घोषणा गर्नु हो।

बेबिलोनका गलत शिक्षा वा धार्मिक पद्वतिलाई भन्डाफोर गरेर त्यसको बिपरित येशूले सिकाउनुभएको सत्यको सिकाउन नै बेबिलोनबाट बाहिरिनु हो।

**प्रकाश १४:७,९-११मा परमेश्वरको सरासर विरोध गर्ने आराधना शैलीमा बाइबलको अनमेल बस्तुहरूलाई पूजा गरेको देखाइएको छ? हेर्नुहोस्, "७ तिनले चर्को सोरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।"...९ त्यसपछि तेस्रा स्वर्गदूत चर्को सोरले यसो भन्दै तिनीहरूका पछि आए, "यदि कुनै मानिसले त्यो पशु र त्यसको मूर्तिलाई पुज्यो र निधार वा हातमा त्यसको छाप लियो भने, १० त्यसले पनि उहाँका क्रोधको कचौरामा केही नमिसाई तयार गरिएको परमेश्वरका क्रोधको कड़ा मद्य पिउनेछ, र पवित्र स्वर्गदूतहरू र थुमाको सामुन्ने आगो र गन्धकमा त्यसलाई यातना दिइनेछ। ११ तिनीहरूका यातनाको धूवाँ सदासर्वदा मास्तिर गइरहनेछ। तिनीहरू यी नै हुन् जसले त्यो पशु र त्यसको मूर्तिलाई पूजा गर्छन्, र त्यसका नाउँको छाप लिन्छन्। तिनीहरूले दिनरात कहिल्यै पनि आराम पाउनेछैनन्।"**

प्रकाशको पुस्तकमा दुई फरक खालका आराधनालाई औंल्याइएको छ-सृष्टिकर्ता परमेश्वरको आराधना र पशुको आराधना। आराधना गर्ने यी दुई तरिकाहरू परमेश्वरले स्थापना गर्नुभएको आराधनाको दिन वा सत्य अर्थात् सही साबथ र त्यसको नक्कल वा बदलीमा घुसाएको आइतबारे साबथ। परमेश्वरले स्थापना गर्नुभएको साबथले यी कुराहरूको प्रतिनिधित्व गर्दछः मानव जगतलाई नभइ नहुने बिश्राम, येशू ख्रीष्ट हाम्रो सृष्टिकर्ता, मुक्तिदाता र आउनेवाला राजाको सुनिश्चिता र सुरक्षा। तर त्यसको बिपरित नक्कली साबथले मानिसको तर्क वा धर्मदर्शनले प्रस्तुत गरेको आधारमा गलत दिनलाई साबथ भनेर सृष्टिकर्ताको गरिमा, इज्जत र पहिचानलाई लत्याएर त्यस दिनमा आराधना गर्न आदेश दिइन्छ।

**प्रकाश १४:१२ पढ्नुहोस्। प्रकाश १४:११को सन्दर्भमा यस पदले के भन्न खोजिरहेको छ? परमेश्वरको व्यवस्था र अनुग्रहलाई यस पदले कसरी खुलासा गरेको छ? परमेश्वरको व्यवस्था वा दश आज्ञाहरू र अनुग्रह उहाँको नीतिमा अलग गर्न नहुने पक्षहरू किन हुन्? हेर्नुहोस्, "परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूमाथि विश्वास राख्ने सन्तहरूको धैर्य धारण यसैमा छ।"**

**उपसंहारः**

**थप जानकारीः** जसरी पौराणिक इस्राएललाई परमेश्वरले बोलाउनुभयो वा छुट्याउनुभयो त्यसरी नै वर्तमान समया उहाँले उहाँको चर्चलाई यस संसारको निम्ति ज्योति बनेर उभियुन् भन्ने उहाँको चाहना छ। सत्यलाई शक्तिशालीरुपमा बुनेर-प्रथम्, दोस्रो र तेस्रो स्वर्गदूतहरूका सन्देशहरूद्वारा-उहाँले अरू चर्च वा सम्प्रदाय वा डिनोमिनेशनहरू र संसारबाट अलग राखेर एडभेन्टिस्ट चर्चलाई उहाँको पवित्र सम्मुखमा आफैलाई राख्नुभएको छ। एडभेन्टिस्ट चर्चका भक्तहरूलाई परमेश्वरको व्यवस्थाको भन्डारहरू बनाउनुभएको छ र यस समयको निम्ति भविष्यवाणीका महान् सत्यहरू तिनीहरूलाई सुम्पिएको छ। जसर पौराणिक इस्राएलमा परमेश्वरले भविष्यवक्ताहरूद्वारा मानिसहरूलाई आफ्नो पवित्र वचन दिनुहुन्थ्यो त्यसरी नै यस संसारमा उहाँका सत्यहरूलाई संचार गर्न एडभेन्टिस्टहरूलाई पवित्र जिम्मा दिइएको छ।

"प्रकाश १४ अध्यायमा उल्लेखित तीन स्वर्गदूतहरूले तिनीहरूलाई देखाउँछ जसले परमेश्वरको ज्योति वा आत्मज्ञानमा पाएका सन्देशहरूलाई ग्रहण गर्दछ र संसारको कुना काप्चामा सबैलाई चेतावनीको घन्टी बजाउन उहाँका सेवकहरू भएर फैलिन्छन्। आफ्नो पछि लाग्ने भक्तहरूलाई येशूले यो घोषणा गर्नुहुन्छ 'तिमीहरू संसारका ज्योति हौ' मत्ती ५:१४। कलभरिको क्रुसमा टाँगिएको येशूलाई ग्रहण गर्ने प्रत्येकलाई उहाँले यसरी बोल्नुहुन्छः 'हेर मानिसको मोल कस्तो अमूल्यको छ। "सारा संसारमा जाऊ र प्रत्येक प्राणीलाई सुसमाचार प्रचार गर।" मर्कूस १६:१५। यस काममा कुनैले पनि बाधा दिनुहुँदैन। हाम्रो समयको निम्ति यो अत्यन्तै महत्त्वपूर्ण काम हो। यसले अनन्त समयसम्म प्रभाव पार्दछ। जुन बलिदानले मुक्ति दिलाएर येशूले मानिसहरूलाई आफ्नो अगाढ प्रेम देखाउनभयो त्यही प्रेम उहाँका भक्तहरूमा भयो भने तिनीहरू पनि सुसमाचार सुनाउने काममा सक्रिय हुनसक्छन्।

"प्रत्येक मानिस जसले उहाँमा आफ्नो जीवन अर्पण गर्छ अत्यन्तै हर्षित भएर ख्रीष्टले ग्रहण उसलाई गर्नुहुन्छ। उहाँले नै मानव जातिलाई परमेश्वरसँग एकताको सुत्रमा बाँध्नुहुन्छ। त्यस प्रक्रियाद्वारा उहाँले संसारलाई उहाँले लिनुभएको प्रेमको अवतारको रहस्य संचार गर्न सक्नुहुनेछ। यसको बारेमा चर्चा गर्नुहोस्, प्रार्थना गर्नुहोस्, गीत गाउनुहोस्, उहाँको सत्यको

सन्देशले यस संसार भर्नुहोस् र आफ्ना क्षेत्रहरूभन्दा बाहिर गएर जोडकातोडले सुनाउनुहोस्।"-एलेन जी ह्वाइट, काउन्सिलस् फर द चर्च, पृ. ५८,५९बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. प्रकाश १४मा उल्लेख गरेको तीन स्वर्गदूतहरूका सन्देशहरूले सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको मूल विषयबस्तुलाई कसरी चिनाउँछ?

आ. साबथको बारेमा र यसले केलाई औँल्याउँछ सो सोच्नुहोस्। साबथ पालन गर्नु आज्ञा परमेश्वरको निम्ति कस्तो महत्त्वपूर्ण छ कि हामीले हाम्रो जीवनको सात भागको एक भाग उहाँ हाम्रो सृष्टिकर्ता र मुक्तिदाता हुनुहुन्छ भनेर याद गरोस् भनेर छुट्याएको चाहनुहुन्छ। प्रत्येक हप्ता घन्टाको हजार माइलको रफ्तारले हाम्रो सामु साबथ आउँदछ। यस आत्मज्ञानको सत्यले यो दिनको गरिमा र यसले कसलाई औँल्याउँछ भनेर हामीलाई कसरी सिकाइन्छ?

इ. मानिसलाई चित्तबुझ्दो तरिकाले बेबिलोनको पतन र पशुको छापको बारेको अवधारणा हामीले कसरी व्याख्या गर्ने? अर्थात् मानिसको चित्त नदुखाइकन यी सत्यहरूलाई कसरी प्रस्तुत गर्ने? हुन त हामीलाई थाहा छ हामीहरूले जस्तोसुकै असल प्रयासद्वारा यस बारे सिकाउन खोज्दा कोही न कोही मानिसहरूको चित्त दुःख्न सक्छ भन्ने कुरा हामीले बुझ्नै पर्छ।

## कथा १२

## अर्को जन्ममा एडभेन्टिस्ट बन्ने

**- आन्ड्र्यु मेकचेस्नी**



दक्षिणपूर्वी एशियाको एउटा देशमा एडभेन्टिस्ट चर्चको साबथस्कूल क्लासमा एक जना पाको उमेरकी महिला ध्यान दिएर सुनिरहेकी थिइन्। उनले साबथस्कूल पुस्तकभरि के के लेखेर भरेकी थिइन्। त्यहाँ लेखिएका प्रत्येक बाइबलका पदहरु उनी पढथिन् ।धेरै पदहरूको मुनि धर्को तानेकी थिइन्। साबथ स्कूलको मिशन भेटीमा उनी भेटी खसाल्थिन्।

ती महिलालाई चर्चका सबै सदस्यहरूले "हजुर आमा" भनेर सम्बोधन गर्थे। झट्ट हेर्दा उनी सेभेन्थ-डे एडभेन्टिस्टहरुको निम्ति एक नमुना विश्वासी जस्तै देखिन्थिन्।

एक दिन अमेरिकी चर्चका अगुवा ग्रेगोरी ह्विटसेटले चर्च सेवापछि हजुर आमालाई भेटेर तपाईं किन धर्म परिवर्तन गरेर सेभेन्थ-डे एडभेन्टिस्ट हुनुभयो भनेर सोधे।

आफू पाँच वर्षको हुँदा आफ्ना आमाबाबुको दुर्घट्ना परेर देहान्त भएको र वर्षौंसम्म दुष्ट आत्माहरूले आफूलाई सताइरहेको वियोगको कथा ती हजुरआमाले ग्रेगोरीलाई सुनाइन्। उनी विभिन्न डाक्टर तथा अस्पतालहरूमा उपचारको निम्ति धाइन् साथै विभिन्न धामीझाँक्रीहरूकहाँ गएर आफ्नो रोगको उपचार गरेकी थिइन।तर उनको निम्ति राम्रो औषधी भनेको केही क्षणको लागिमात्र हुन्थ्यो।

एक दिन एक जना एडभेन्टिस्ट पास्टर उनको छिमेकमा आए र हजुर आमाले प्रत्येक शुक्रबार मानिसहरू पास्टरकहाँ भेलाभएको कुरालाई चासो मानेर हेर्थिन्। आफ्नो घरको ढोकाबाट बाहिर निस्केर ती छिमेकीको ढोकामा त्यहाँ के भइरहेको रहेछ भन्दै उनी त्यहाँ गइन्। तब उनले त्यहाँ मिठो सङ्गीतको धुन बजिरहेको सुनिन्। हप्तौं हप्तासम्म ढोका बाहिर त्यो सङ्गीत सुन्दा उनको मनमा आनन्द आइरहेको थियो। पास्टरले उनलाई पनि आफ्नो घरमा बोलाए तर उनी आउन मानिनन्। तर जब पास्टरले

हजुरआमाको दुष्टआत्माको समस्या सुने तब पास्टरले उनको लागि प्रार्थना गरिदिने अनुरोध गरे। हजुर आमाले पनि हुन्छ भनिन् र प्रार्थानापछि दुष्ट आत्माहरू उनीबाट सदाको निम्ति बिदा भए। अत्यन्तै आभारी भएर उनले येशूलाई ग्रहण गरिन् र एडभेन्टिस्ट चर्चमा समावेश भइन् तर बप्तिस्मा भने लिइनन्।

इस्ट एशियाका धर्महरू सिकाउने केन्द्र र एडभेन्टिस्ट वर्ल्डको ग्लोबल मिशन आयोजनाको अध्यक्ष ह्विटसेटले उनको निम्ति येशूको के महत्व छ भनेर सोधे।

"मेरो निम्ति येशू सबै थोक हुनुहुन्छ। उहाँले मलाई निको पार्नुभयो र मलाई शान्ति दिनुभयो।जसलाई भेटेपनि येशूको बारेमा नसुनाइ रहन सक्दिँन। म बुढी भइसकेँ। म अब धेरै वर्ष बाँच्दिन होला। मैले येशूलाई यस्तो विश्वास गरेकी छु कि मैले अर्को जुनीमा एडभेन्टिस्ट हुने निर्णय गरिसकेको छु" दोभाषेको सहायताले ती हजुर आमाले आफ्नो निर्णय पास्टर ह्विटस्जलाई सुनाइन्।

उनको कुरा सुनेर दोभाषे अनुवादक स्तब्ध भए। उनलाई के बोलुँ के बोलुँ जस्तो भयो। उनले ती हजुर आमासँगै बाइबल अध्ययन गरेका थिए र ती आमैले आफ्नो पुरानो जीवनका धारणाहरू चटक्कै छोडिन् होलिन् भनेर उनले ठानेका थिए।

अरू आस्था वा धर्म तथा तन्त्रमन्त्र गर्ने विश्वासलाई छोडेर हजुर आमाजस्तो इसाई हुने घट्ना सामान्य नै हो। तर सुसमाचार प्रचारकहरूको निम्ति अरूलाई येशूको बारेमा सुनाउनु धेरै चुनौतिपूर्ण छ। हजुर आमा जस्तो मानिसहरूलाई सुसमाचार सुनाउने काममा सक्रिय भएका ग्लोबल मिशन कार्यालयहरूको निम्ति प्रार्थना गरिदिनुहोस् भनि पाठकबृन्दमा हार्दिक अनुरोध छ।